# १२. श्री माधव घिमिरे

*[संवत् २०४२ सालको 'मदन पुरस्कार' 'वैकुण्ठ एक्सप्रेस' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री मोहनराज शर्मालाई समर्पण गर्न संवत् २०४३ साल आश्विन २१ गते रोज ३ का दिन आयोजित समारोहमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका तत्कालीन उपकुलपति श्री माधव घिमिरे (राष्ट्रकवि)ले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १०८ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानीसाहेब, उपस्थित साहित्यकार र साहित्यप्रेमीहरू !

यस वर्षको 'मदन पुरस्कार'बाट सम्मानित साहित्यकार श्री मोहनराज शर्माज्यूलाई यहाँ उपस्थित सबैका तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु। राष्ट्रले शक्ति र समृद्धिका देवी महाकाली र महालक्ष्मीका साथै महासरस्वतीको बढाइँ गर्ने महान् पर्वभित्र नै साहित्य-कृतिको संवर्द्धननिम्तिको यो आयोजना पनि पर्न आउनु एक सुखद संयोग नै हो। राष्ट्रले साहित्य, ज्ञान र विज्ञानको क्षेत्रमा प्राप्त गर्न चाहेका मूल लक्ष्यलाई यसबाट ठूलो बल मिल्न गइरहेको छ। रानीसाहेबबाट समाजको कल्याणको साथै साहित्यको हितको निम्ति गरिएका यस्तै कार्यको निम्ति नै राष्ट्रबाट 'सम्माननीया' को सम्मान पनि उहाँलाई प्राप्त भएको होला भन्ने मलाई लाग्छ।

आज तीस वर्ष भयो। यस पुरस्कारको प्रशंसा जति गऱ्यो, उति नै मीठो लाग्छ। प्रतीक र प्रतिभाहरूलाई हेर्ने दृष्टि र त्यसबाट प्रभावित भएर निस्कने उद्गार प्रत्येक व्यक्तिको भिन्नाभिन्नै हुन्छ। यस प्रसङ्गमा म पनि एउटा सानु कथा भन्न चाहन्छु। 'यही हिमालको काखमा कतैतिर उज्यालो चुली छ। त्यस चुलीको छातीबाट कुनै जुनेली रातमा जूनको ज्योति पर्नासाथ अमृतको भुल्का भुल्कन्छ रे। त्यस भेकमा चम्री गाई चराउँदै हिँड्ने कुनै भाग्यमानी गोठालाले त्यो अमृतको भुल्का अन्जुली थापेर पिउन पाउँछ रे।' यो कथा साँचो हो कि काल्पनिक हो, यसै भन्न सकिन्न। तर आफ्ना स्वर्गीय पतिको स्मृतिद्वारा द्रवित रानी जगदम्बाबाट नवरात्रको चौथी तिथिमा साहित्यकारलाई प्रदान गर्ने यो पुरस्कारको कुराचाहिँ साँचो हो।

मदन पुरस्कार गुठी आफ्ना सत्कार्यबाट स्वयं परिचित छ। यस साहित्यसेवी संस्थालाई एउटा साहित्यकारले अरू साहित्यकारका सामु परिचय गराउन खोज्नु

उनन्तीस वर्षसम्म यात्रामा सँगसँगै रहेर पानी खुवाउँदै हिँड्ने धर्मात्मालाई तीसौं वर्षमा आएर सहयात्रीहरूसित चिनारी गराउन खोज्नु जस्तो हो। यति हुँदाहुँदै पनि यसका केही विशेषताको यहाँ उल्लेख गर्न चाहन्छु। पहिलो विशेषता हो– यसको स्थापना सङ्क्रमण कालमा हुनु। प्रजातन्त्रको प्रादुर्भावपछि एकातिर आफ्नो भाषा र साहित्यप्रति स्वाभिमान बढ्दै गइरहेको थियो भने, अर्कातिर भाषामाथि भित्र र बाहिरबाट अदूरदर्शितापूर्ण प्रहार हुन थालेको थियो। यस्तो बेलामा समयको सही आकाङ्क्षालाई जगदम्बाज्यू र उहाँका साहित्यानुरागी सल्लाहकारहरूले मूर्त रूप दिनुभयो। यसबाट राष्ट्रभाषाप्रतिको स्वाभिमानलाई बल मिल्यो, साहित्यसिर्जनामा प्रेरणा प्राप्त भयो र कवि लेखकलाई सम्मान गर्ने प्रवृत्ति जागृत भयो। दोस्रो विशेषता हो– यस संस्थाको लक्ष्यको सुस्पष्टता र त्यसलाई प्राप्त गर्ने बलियो आधार। साहित्य, ज्ञान र विज्ञानको विकास गर्नु यसको लक्ष्य रहेको छ, जुन लक्ष्य राष्ट्रको मूल लक्ष्यसँग मेल खाने खालको छ। पुरस्कार राशिको निम्ति अक्षय कोश स्थापित गरिएको छ– जसको हिनामिना हुने आशङ्का छैन, परन्तु वृद्धि हुँदै जाने सम्भावना मात्र छ। सञ्चालनको सुदृढ व्यवस्था छ। यी सब व्यवस्थालाई आफ्नो एक वस्तुनिष्ठ विधानमा बाँधिएको छ। जतिसुकै निर्मल भावना पनि कालान्तरमा मन्द बन्न बेर लाग्दैनन्- द्रवित हृदयबाट भुल्कने मूलले निश्चित सरणि प्राप्त गरेर मात्रै आफ्नो क्षेत्रलाई सिन्चित गर्न सक्छन्, नत्र ता तिनीहरू त्यसै अलमलिएर मरूभूमिमा विलाउँछन्। तेस्रो विशेषता हो– यसका सांस्कृतिक परम्परा सुहाउँदा फलकहरू। यस गुठीको नाउँ सुन्दा मलाई आफ्नै जीवनशैलीमा हामीले हुर्काउँदै ल्याएको 'एक उद्देश्यको निम्ति अनेक बन्धुजन एकत्रित हुने र निःस्वार्थ भावले कार्य गर्ने' बानीको बोध हुन्छ। यसले पुरस्कार प्रदान गर्ने समारोहमा आउँदा सरस्वतीका वरदपुत्रहरूलाई गरिने आरतीद्वारा उनकी आमाकै आरती गरिरहेको उत्सवमा सम्मिलित भएको अनुभव हुन्छ मलाई। चौथो विशेषता हो– यस संस्थाले कमाउँदै ल्याएको प्रतिष्ठा। नेपाली भाषाका नयाँ पुस्ताका अधिकांश कवि लेखकहरू 'मदन पुरस्कार'बाट सम्मानित भएका छन् र आज कुनै कवि लेखकले यो पुरस्कार पाउनु प्रतिष्ठाको विषय बन्न गइरहेछ। कुनै साहित्यिक संथाको निम्ति योभन्दा ठूलो प्राप्ति के हुन सक्छ। यसको पुरस्कार राशि ४ हजारबाट बढेर आज तीस वर्षमा ४० हजार बन्न पुगेको छ। यसमा हामीलाई सन्तोष लाग्छ, तर दानशीला उदारहृदया रानीसाहेब अझै सन्तुष्ट हुनुहुन्न होला र उहाँको जीवनकालमै यो राशि एक लाख पुग्ला भन्ने कुरामा हामीलाई कुनै शङ्का छैन। हो, आज यो गुठी तीसमा प्रवेश गर्दैछ। ऋतुको उमेर हुँदैन, हुन्छ भने जवानी मात्र हुन्छ, कला र साहित्यको प्रारम्भ हुन्छ, तर अन्त्य हुँदैन। कुनै संस्था केवल नालिस गर्न परे मात्र व्यक्तिसरह हुन्छन्, तर कुनै संस्था व्यक्तिसरह मात्र हुन्नन् र भावनात्मक रूपमा सधैं जीवित रहने 'व्यक्ति' नै हुन्छन्। मदन पुरस्कार गुठीमा स्वर्गीय मदनको आभा छ, रानीसाहेबको जीवनको स्पन्दन छ, र पुरस्कृत पुस्तकमा सञ्चित कविव्यक्तित्वको अभिव्यक्ति छ। यस्तै सदा जीवित रहने व्यक्तिको निम्ति नै 'लाख लाख वर्ष जिइरहे' भनेर हालिने आशीष चरितार्थ हुन्छ।

अब आजको आकर्षणका केन्द्रविन्दुतिर फेरि फर्किऔं। मोहनराज शर्माज्यू शैली र चिन्तन दुवै पक्षबाट प्राचीनभन्दा टड्कारो रूपमा भिन्न देखिने आधुनिक साहित्यकार हुनुहुन्छ। सुन्दा सरल, गुन्दा गम्भीर, बाहिरी तलमा अभिधाशक्ति र भित्री तलमा व्यञ्जनाशक्ति उहाँको शैलीको विशेषता हो। वाक्यहरू ठेट नेपाली बोल्नेले वार्तालाप गरेजस्ता छन् र केही सोचे पनि नसोचिरहे जस्तै, केही रचे पनि नरचिरहे जस्तै छन्– यसले गर्दा उहाँको भाषा जनमुखी बन्न गएको छ र सायद उहाँको शैलीको आधुनिकताको एक लक्षण यो पनि हो। भावप्रधान रचनामा भावावेगको तरलताले पाठकलाई पुलकित पार्छ। चिन्तनप्रधान रचनामा चाहिँ व्यञ्जना अनिवार्य नै हुन्छ, नत्र त्यो चिन्तन अर्ती-उपदेशको तपसिल मात्र बन्न जान्छ। चिन्तनप्रधान रचनामा व्यञ्जनाशक्ति रह्यो भने, त्यहाँ शैलीको संक्षिप्तिमै अर्थदीप्ति रहन्छ– आँखीझ्यालबाट चियाउने साना किरणजस्तै सूक्ष्म चिन्तनले आखिर हृदयको कोठरीलाई नै उज्यालो बनाउँछन्। शर्माजीका शैलीमा आधुनिकताको अर्को चिह्न यही हो, यसैले नै उहाँका रचनाले बुद्धिजीवी पाठकहरूलाई सन्तुष्ट बनाउँछन्। शर्माज्यू मानवतावादी लेखक हुनुहुन्छ। उहाँ धेरैजसो वास्तविकताको धरातलमा उभिएर मानवताको सन्देश दिनुहुन्छ, यसको निम्ति यदाकदा स्वैरकल्पनाको सहारा पनि लिनुहुन्छ। उहाँ एकातिर शोषित मानवलाई त्यस शोषणबाट मुक्त बनाउन चाहनुहुन्छ भने, अर्कातिर सम्पन्नताले गर्दा अतिव्यक्तिवादी बन्न गइरहेको मानवभित्र सामाजिकताको चेत भर्न चाहनुहुन्छ। उहाँ एकातिर विज्ञान र प्रविधिको सदुपयोगमा विश्वको उज्यालो भविष्य देख्नुहुन्छ भने, अर्कातिर तिनको दुरुपयोग भयो भने, मानव सभ्यताकै महाविनाशको अन्धकार पनि देख्नुहुन्छ। यस्तै चिन्तनलाई साहित्यिक रूप दिने 'जेमन्त' र 'य. मा.' पछिको अझ परिपक्व नाटक हो– 'वैकुण्ठ एक्सप्रेस'। शर्माज्यूको यस नाटकले दुई तलबाट आफ्नो एउटै सन्देश दिइरहेछ। बाहिर हेरुँ– यात्रा गर्ने बस नै भरपर्दो छैन, भित्र हेरुँ– बसभित्रका यात्री नै एकमत छैनन्। आजको मानव कुण्ठारहित सुखमा द्रुतगतिले यात्रा गरेर पुग्न चाहन्छ। ऊ यन्त्रका गति र चिन्तनका गतिलाई बारम्बार समात्दै छ र तिनले धोका दिँदै छन्। तैपनि ऊ अर्को गति पक्डँदै अगाडि बढ्दै छ। उसले आफ्ना साधनलाई होशियारीले र आफ्ना चिन्तनलाई समझदारीले सदुपयोग गरेन भने, युगले ल्याएका वरदानहरू अभिशाप बन्नेछन्। वरदान अभिशाप नबनून् र वरदान नै बनून्। आजको मानवताको निम्ति शर्माज्यूको सन्देश यही हो।

सुन्नेलाई सुनको माला !

सुनाउने अवसर दिनेलाई फूलको माला !

⊠ ⊠ ⊠